कालीमाटी फलफूल तथा तरकारी बजार बिकास समिति
कालीमाटी, काठमाण्डौ ।

# सहकारी संघसंस्था, कृषक समूह तथा राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रम (NAMP) अन्तर्गतका जोन/सुपरजोनको संचालन समन्वय समितिहरुका लागी स्टल माग सम्बन्धी आवेदन फाराम

१. स्टल माग गरेको बजार स्थल : कृषि उपज बजार, बालाजु

२. आवेदन आव्हानको सूचना नं. ..........................

३. सूचना प्रकाशित मिति ..................................................

४. आवेदक निकायको नाम ..................................................................

५. ठेगाना ..............................................................................

६. आवेदकको सम्पर्क नं. ......................................................................

७. आवेदकको तर्फबाट आधिकारिक व्यक्तिको हस्ताक्षर र छाप ....................................

८. (कार्यालयले भर्ने) आवेदन दर्ता नं. ............................ दर्ता मिति ..........................

मूल्य रु.३००।– (पछि फिर्ता नहुने)

कार्यकारी निर्देशक

श्रीमान् कार्यकारी निर्देशकज्यू,
कालीमाटी फलफूल तथा तरकारी बजार बिकास समिति
कालीमाटी, काठमाण्डौं ।

विषयः स्टल माग सम्बन्धी आवेदन ।

महोदय,

कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिको **बालाजु** बजारमा रहेको स्टलमा समितिको नीति, नियम, शर्त एवं निर्देशनको परिधी भित्र रही समितिले तोकेको भाडा तिर्न मञ्जुर भई तपसिल बमोजिमका कागजात सहित यो आवेदन गर्दछु/गर्दछौं ।

तपसिल

१. आवेदकको विबरण

| | |
|---|---|
| संस्थाको नाम | |
| आधिकारिक व्यक्तिको नाम र पद | |
| संस्था स्थापनाको कानूनी/संस्थागत आधार | |
| उद्देश्य | |
| कार्य क्षेत्र | |
| उत्पादन/कारोवारका प्रमुख वस्तुहरु | |

२. आवेदकको ठेगाना

| | प्रदेश | जिल्ला | पालिका | वडा नं. | गाँउ/टोल |
|---|---|---|---|---|---|
| स्थायी ठेगाना | | | | | |
| अस्थायी ठेगाना | | | | | |

३. सम्पर्क मोवाईल नं .............................. इमेल ............................

४. माग गरिएको स्टलमा कारोवार गर्ने प्रमुख कृषि बस्तु (ठिक चिन्ह लगाउने)
(क) ताजा तरकारी (ख) फलफूल (ग) आलु/प्याज (घ) माछा

५. बिगतमा पनि समितिसँग सम्झौता गरी कारोवार गरेको भए तत्कालिन बजार र पसल नं...............

६. कृषि बस्तु उत्पादन/खरीद गरी ल्याउने मुख्य उत्पादन क्षेत्र
(क)..................................(ख)..........................(ग)...........................(घ)..........................

७. संस्थाको संचालक/कार्यसमिति भए पदाधिकारीहरुको विबरण

| सि.नं. | पदाधिकारीको नाम | पद | ठेगाना |
|---|---|---|---|
| | | | |
| | | | |



कार्यकारी निर्देशक

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

८. संस्थाको संचालक/कार्यसमितिका कुनै पदाधिकारीको नाममा कालीमाटी वा बालाजु बजारमा स्टल रहेको भए खुलाउने ।

| सि.नं. | नाम | ठेगाना | नाता | पसल नं (कालीमाटी/बालाजु) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

९. अन्य आवश्यक विवरण (व्यवसाय सञ्चालन तथा अनुभवसँग सम्बन्धित) ......................
.............................................................................................

निवेदकको तर्फबाट

आधिकारिक प्रतिनिधीको नाम ......................................

लेखात्मक सही..............................

मिति ..........................................

संस्थाको छाप

| |
|---|
| |

कार्यकारी निर्देशक

**आवेदक सहकारी संघसंस्था, कृषक समूह तथा राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रम (NAMP) अन्तर्गतका जोन/सुपरजोनको संचालन समन्वय समितिहरुका लागि महत्वपूर्ण जानकारी**

| आवेदन साथ अनिवार्य रुपमा पेश गर्नु पर्ने कागजातहरु |
| --- |
| (क) कृषि वस्तुको कारोबार गर्न पाउने प्रचलित कानून वमोजिम दर्ता प्रमाणपत्र, (कृषक समूह तथा NAMP अन्तर्गतका जोन/सुपरजोनको संचालन समन्वय समितिको हकमा सम्बन्धित निकायबाट जारी पत्र वा दर्ता भएको प्रमाणपत्र) |
| (ख) सहकारी संघसंस्थाको हकमा कानुन वमोजिम व्यवसाय दर्ताको प्रमाणपत्र, |
| (ग) समितिलाई बुझाउनु पर्ने कुनै पनि रकम वा जिन्सी बाँकी नभएको साथै प्रचलित कानून बमोजिम सरकारी/सार्वजनिक निकायसँग सम्झौता गर्न अयोग्य नभएको स्वघोषणापत्र, |
| (घ) समितिले तोकेको न्यूनतम रकम समितिको नाममा धरौटी राखेको निस्सा, |
| (ङ) आवेदन दस्तुर रु ३००।- बुझाएको बैंक भौचर वा निस्सा |

| आवेदन साथ मूल्याङ्कन प्रयोजनका लागि पेश गर्नु पर्ने कागजातहरु |
| --- |
| (क) आवेदकको तरकारी तथा फलफूलको उत्पादन गरिरहेको क्षेत्रफल र उत्पादन परिमाण खुलेको कृषि विकाससँग सम्वन्धित निकायको सिफारिसपत्र। |
| (ख) व्यवसाय तथा कारोबारसँग सम्बन्धित देहायका कागजात/प्रमाण<br>• कृषि वस्तुको कारोबार गर्न पाउने व्यवसायमा संलग्नता खुल्ने पान नम्वर वा मूल्य अभिवृद्धि कर दर्ता,<br>• आ. व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्र<br>• आ. व. २०८०/८१ को अडिट रिपोर्ट,<br>• वार्षिक कारोवार खुलेको कागजात,<br>• जिल्लामा सकृय रहेको प्रमाण,<br>• वजार केन्द्र वा संकलन केन्द्र संचालन गरेको भए सो को प्रमाण,<br>• कृषकहरुलाई वैक मार्फत भुक्तानी गरेको विवरण,<br>• कारोवार अवधि पुष्टी हुने कागजात,<br>• समितिलाई बुझाउनु पर्ने भाडा, शुल्क वा अन्य भुक्तानी आफ्नो सहकारी, संघ/संस्थाहरु र समूह, NAMP अन्तर्गतका जोन/सुपरजोनको संचालन समन्वय समितिको नाममा रहेको खाता तथा चेकबाट भुक्तानी गर्ने प्रतिवद्धता पत्र । |
| (ग) कृषि विकाससँग सम्वन्धित सरकारी निकायको सिफारिस<br>• कृषि ज्ञान केन्द्रको सिफारिस,<br>• स्थानीय निकायको सिफारिस,<br>• NAMP अन्तर्गतका जोन/सुपरजोनको संचालन समन्वय समितिको सिफारिस<br>• आवेदक ककनी गाँउपालिका वडा नं. (१) र (२) का हकमा सम्बन्धित वडाको सिफारिस, |
| घ. व्यवसायिक कार्य योजना (विजनेस प्लान)<br>• आवेदक सहकारी संघसंस्था, कृषक समूह तथा राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रम (NAMP) अन्तर्गतका जोन/सुपरजोनको संचालन समन्वय समितिको नाम र परिचय<br>• व्यवसाय संचालन गर्नुको उद्धेश्य<br>• कारोवार गर्ने वस्तु, परिमाण, लक्षित वजार, कारोवारको प्रकृति (थोक/खुद्रा),<br>• कारोवारमा उपलव्ध सेवा सुविधा, प्रविधि र साधनको उपयोग, कारोवार संचालनको व्यवस्थापकिय पक्ष,<br>• वित्तिय योजना (लगानी, आम्दानी, खर्च),<br>• वजार योजना, बिक्री योजना र व्यवसाय प्रर्वद्धन योजना (ग्रेडिङ्ग, प्याकेजिङ्ग, ब्राण्डिङ्ग)<br>• दिगो कारोवारको सोच । |



कार्यकारी निर्देशक

कालीमाटी फलफूल तथा तरकारी बजार बिकास समितिको मिति ............ गते सूचना नं ........... बमोजिम यस समितिद्वारा सञ्चालित बालाजु स्थित कृषि उपज वजार भित्र रहेको सहकारी संघसंस्था, कृषक समूह तथा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम (NAMP) अन्तर्गतका जोन/सुपरजोन संचालन समन्वय समितिहरुका लागि खुद्रा कारोबारको लागि छुट्याइएको पसल(स्टल) भाडामा लिई सञ्चालनका लागि इच्छुकहरुको लागि आवेदन आव्हान गरिएको छ । देहायमा उल्लेखित शर्तनामा अनुसार पसल(स्टल) सञ्चालन सम्बन्धि कार्य गर्न इच्छुक उपरोक्त संस्थालाई देहाय बमोजिम सूचित गरिन्छ ।

## निर्देशन एवं शर्तहरु

१। **आवेदनको भाषा** : आवेदन सम्बन्धी सम्पूर्ण कार्य नेपाली भाषामा हुनेछ ।

२। **कार्य स्थल एवं आवेदनको कागजातको निरीक्षणः** आवेदकले आवेदन दाखिला गर्नु अघि कार्यस्थल र आवेदनको कागजपत्रहरु राम्रोसँग अध्ययन गर्नु पर्नेछ । आवेदकले आवेदन दाखिला गर्नु नै निजले सम्बन्धित कार्यको लागी बजार क्षेत्रको निरिक्षण गरेको, कार्यक्षेत्रको बस्तुस्थिति, भौतिक सुबिधाहरुको व्यबस्था बारे राम्रो जानकारी पाएको, समितिका सम्बन्धित नियमावली, स्टल बितरण सम्बन्धी कार्यबिधि २०७६ लगायत अन्य प्रचलित कानूनी प्रावधान एवम् आवेदन मुल्याङ्कन सूचक र छनौटमा असर पार्ने अन्य सबै कुराहरुको बारेमा आबश्यक जानकारी पाई सकेको व्यहोरा स्वतः प्रकट गरेको मानिनेछ । आवेदन कार्यान्वयनको क्रममा आवेदकले कुनै प्रकारको अनभिज्ञता प्रकट गर्न पाउने छैन ।

३। **आवेदन दाखिला गर्न लागेको खर्च** : आवेदकले कार्यस्थल निरीक्षण गर्न, आवेदनको कागजात खरिद गर्न र आवेदन दाखिला गर्दा लाग्ने सम्पूर्ण खर्च आवेदक स्वयमले व्यहोर्नु पर्नेछ ।

४। **आवेदन भर्ने** : आवेदकले कार्यालयबाट प्राप्त गरेको आवेदन फाराम र सूचनामा तोकिए बमोजिम सबै कुरा स्पष्ट खुलाई सहिछाप गर्नु पर्नेछ

५। **आवेदन खरिद/दाखिला गर्ने ठेगाना, मिति र समय** : आवेदन फाराम समितिको कार्यालय, कालीमाटीबाट आवेदकले कृषि बिकास बैंकमा रहेको यस समितिको नाममा रहेको चल्ती खाता न. ०२१०३००१६६१९००१७ मा रु ३००।- आवेदन शुल्क बुझाएको बैंक भौचरको नगदि रसिद पेस गरी कार्यालय समयमा खरिद गर्न सकिनेछ वा समितिको वेबसाइट www.kalimatimarket.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।इच्छुक योग्य आवेदकहरुलाई सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म आवेदन फाराम खरीद गरी ३१ औं दिन सम्म समितिको कार्यालय, कालीमाटी काठमाण्डौंमा कार्यकारी निर्देशकलाई सम्बोधन गरी तोकिएको कागजात सहित आवेदन बुझाउने अन्तिम दिनसम्म कार्यालय समय भित्र दाखिला गर्नु पर्नेछ । आवेदन बुझाउने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिन समेत दर्ता गर्न सकिनेछ आवेदकको कागजात आवेदनको बाहीरी खाममा शिलबन्दी गरी आवेदकको पूरा नाम ठेगाना सहित पसल(स्टल) सञ्चालन सम्बन्धी आवेदन भन्ने खुलाएको हुनु पर्नेछ ।

६। **आवेदन पेश गर्ने माध्यम** : आवेदकले स्वयम् वा आफ्नो अधिकार प्राप्त प्रतिनिधि मार्फत तोकिएको कार्यालयमा आवेदन पेश गर्नु पर्नेछ । हुलाक वा अन्य साधनबाट प्राप्त आवेदनलाई मान्यता दिइने छैन ।

७। **आवेदकको ठेगाना** : आवेदन साथ निजलाई पत्र व्यबहार गर्ने नेपाल भित्रका स्थायी र अस्थाई दुबै ठेगाना एवं सम्पर्क टेलिफोन वा मोवाइल नं. तथा इमेल भए सो समेत स्पष्ट खुलाउनु पर्नेछ । सो ठेगानामा बुझाएको वा रजिष्टरी गरी डाँक मार्फत पठाएको पत्रहरु तथा बजार स्थल भित्र टाँस गरेको सूचना निज कहाँ समयमा नै पुगेको मानिनेछ ।

८। **आवेदन खोल्ने र मुल्याङ्कन गर्नेः** आवेदन फाराम मुल्याङ्कन समितिले खोली मुल्याङ्कन गर्नेछ ।

९। **साधारण शर्तहरु** :



कार्यकारी निर्देशक

क) आवेदन पेश गर्ने बाहिरी खाममा रु. १०।- को टिकट/दस्तुर टाँस गर्नुपर्नेछ ।

ख) आवेदन कागजातको बाहिरी खाम लाहाछाप शिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

ग) केरमेट वा टिपेक्स प्रयोग भएको ठाँउमा बुझिने गरि सहिछाप गरेको हुनु पर्नेछ ।

घ) म्याद नाघि वा रित नपुगी आएका आवेदन उपर कुनै कारवाही हुने छैन ।

ङ) तोकिएको म्याद पछि प्राप्त भएका आवेदनहरु आवेदकलाई फिर्ता गरिने छैन ।

च) व्यहोर्नु पर्ने कर तथा शुल्कहरु (सरकारी समेत) आवेदक आफैंले व्यहोर्नु पर्नेछ ।

**१०। विशेष शर्तहरु :**

क) आवेदनमा उल्लेख गरिएको बिषयमा प्रष्ट रुपमा उल्लेख गरेको/पेश गरेको हुनु पर्नेछ ।अस्पस्टताका कारण आवेदन मूल्याङ्कन गर्दा फरक परेमा आवेदक स्वयम् जिम्मेवार हुनेछ ।

ख) आवेदन स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार समितिमा सुरक्षित रहनेछ ।रित नपुगेका आवेदनहरु रद्ध गर्न सकिनेछ ।

ग) आवेदन फाराम साथ कृषि बिकास बैंक कालीमाटीमा रहेको समितिको चल्ती खाता नं ०२१०३००१६६१२४०१४ मा रु २,०००।-धरौटी र सोहि बैंकमा रहेको चल्ती खाता नं ०२१०३००१६६१९००१७ मा रु ३००।- आवेदन शुल्क बुझाएको बैंक भौचरको सक्कल प्रति वा सक्कल भौचर समितिमा बुझाई प्राप्त गरेको नगदि रसिद सम्लग्न गर्नु पर्नेछ ।

घ) आवेदक छनौट भएको सूचना कालीमाटी बजारहाता भित्र प्रकाशन गरिनेछ । आवेदन स्वीकृत भए पछि आवेदकले बार्षिक कबोल रकमको ५ प्रतिशत बराबरको रकम र तीन (३) महिनाको भाडा बराबरले हुन आउने रकम जमानत वापत पुग्ने गरी थप धरौटी राखेको हुनु पर्नेछ । यसरी जमानत राख्दा धरौटी स्वरुप राख्नु पर्ने नगद रकम बैंकमा जम्मा गर्नु पर्नेछ । आवेदकले राखेको धरौटी, जमानत र सुरक्षण वापतको कुनै पनि रकममा व्याज दिइने छैन ।

ङ) पसल(स्टल)सञ्चालन गर्ने सम्बन्धी सम्झौताको अबधि २०८५ असार मसान्त सम्म हुनेछ ।

च) पेश हुन आएका आवेदनहरुको मूल्याङ्कन स्टल बितरण तथा सञ्चालन कार्यबिधि २०७६ र समितिले समय समयमा गरेको निर्णयको आधारमा हुनेछ ।

छ) छनौट भएका र प्रतिक्षासूचिमा रहने आवेदकको बिबरण समितिको कालीमाटी स्थित सूचनापाटीमा टाँस गरिनेछ र समितिको वेव साइटमा पनि राख्न सकिनेछ ।

ज) इजाजत प्राप्त गर्न नसकेका आवेदकको धरौटी निश्चित अबधि तोकि फिर्ताको लागि आह्वान गरीनेछ र सो अबधि भित्र धरौटी फिर्ता लिन नआएमा जफत गर्न सकिनेछ ।

झ) आवेदक १८ बर्ष पुरा भई ६० बर्ष उमेर ननाघेको नेपाली नागरिक हुनु पर्नेछ ।

**११। देहायको अवस्थामा धरौटी/ जमानत जफत हुनेछ ।**

क) आवेदकले आवेदन संशोधन गर्न वा फिर्ता गर्न माग गरेमा,

ख) छनौट भएको आवेदकले आवेदन सम्वन्धी कागजातमा उल्लेखित शर्त बमोजिम सम्झौता नगरेमा,

ग) आवेदन सम्वन्धी कागजातमा उल्लेखित कार्य सम्पादन जमानत आवेदकले म्याद भित्र दिन नसकेमा,

घ) आवेदनको परिक्षणको सिलसिलामा आवेदकले आवेदन साथ पेस गरेको र छनौट भइ सम्झौताका बखत पेस गरेको कागजातमा सारभूत कुरा परिबर्तन गरेको पाइएमा,

ङ) समितिको नियमावली तथा प्रचलित कानुनले तोकेको एवम् आवेदकले पालना गर्नु पर्ने आचरण उल्लघंन गरेमा ।

**१२। आवेदनसाथ अनिबार्य रुपमा पेश गर्नु पर्ने कागजातहरु :**

(क) कृषि वस्तुको कारोबार गर्न पाउने प्रचलित कानून वमोजिम दर्ता प्रमाणपत्र, (कृषक समूह तथा NAMP अन्तर्गतका जोन/सुपरजोनको संचालन समन्वय समितिको हकमा सम्बन्धित निकायबाट जारी पत्र वा दर्ता भएको प्रमाणपत्र)

(ख) सहकारी संघसंस्थाको हकमा कानुन वमोजिम व्यवसाय दर्ताको आ ब २०८०/८१ सम्मको नवीकरण भएकोप्रमाणपत्र,



कार्यकारी निर्देशक

(ग) समितिलाई बुझाउनु पर्ने कुनै पनि रकम वा जिन्सी बाँकी नभएको साथै प्रचलित कानून बमोजिम सरकारी/सार्वजनिक निकायसँग सम्झौता गर्न अयोग्य नभएको स्वघोषणापत्र,

(घ) समितिले तोकेको न्यूनतम रकम समितिको नाममा धरौटी राखेको निस्सा,

(ङ) आवेदन दस्तुर रु ३००।- बुझाएको बैंक भौचर वा निस्सा

**१३। मूल्याङ्कन प्रयोजनका लागि पेश गर्नु पर्ने थप कागजातहरु**

(क) आवेदकको तरकारी तथा फलफूलको उत्पादन गरिरहेको क्षेत्रफल र उत्पादन परिमाण खुलेको कृषि विकाससँग सम्वन्धित निकायको सिफारिसपत्र।

(ख) व्यवसाय तथा कारोबारसँग सम्बन्धित देहायका कागजात/प्रमाण

- कृषि वस्तुको कारोबार गर्न पाउने व्यवसायमा संलग्नता खुल्ने पान नम्वर वा मूल्य अभिवृद्धि कर दर्ता,
- आ. व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्र
- आ. व. २०८०/८१ को अडिट रिपोर्ट,
- वार्षिक कारोवार खुलेको कागजात,
- जिल्लामा सकृय रहेको प्रमाण,
- वजार केन्द्र वा संकलन केन्द्र संचालन गरेको भए सो को प्रमाण,
- कृषकहरुलाई वैक मार्फत भुक्तानी गरेको विवरण,
- कारोवार अवधि पुष्टी हुने कागजात,
- समितिलाई बुझाउनु पर्ने भाडा, शुल्क वा अन्य भुक्तानी आफ्नो सहकारी, संघ/संस्थाहरु र समूह, NAMP अन्तर्गतका जोन/सुपरजोनको संचालन समन्वय समितिको नाममा रहेको खाता तथा चेकबाट भुक्तानी गर्ने प्रतिवद्धता पत्र

(ग) कृषि विकाससँग सम्वन्धित सरकारी निकायको सिफारिस

- कृषि ज्ञान केन्द्रको सिफारिस,
- स्थानीय निकायको सिफारिस,
- NAMP अन्तर्गतका जोन/सुपरजोनको संचालन समन्वय समितिको सिफारिस
- आवेदक ककनी गाँउपालिका वडा नं. (१) र (२) का हकमा सम्बन्धित वडाको सिफारिस,

(घ) व्यवसायिक कार्य योजना (विजनेस प्लान)

- आवेदक सहकारी संघसंस्था, कृषक समूह तथा राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रम (NAMP) अन्तर्गतका जोन/सुपरजोनको संचालन समन्वय समितिको नाम र परिचय
- व्यवसाय संचालन गर्नुको उद्धेश्य
- कारोवार गर्ने वस्तु, परिमाण, लक्षित वजार, कारोवारको प्रकृति (थोक/खुद्रा),
- कारोवारमा उपलव्ध सेवा सुविधा, प्रविधि र साधनको उपयोग, कारोवार संचालनको व्यवस्थापकिय पक्ष,
- वित्तिय योजना (लगानी, आम्दानी, खर्च),
- वजार योजना, बिक्री योजना र व्यवसाय प्रर्वद्धन योजना (ग्रेडिङ्ग, प्याकेजिङ्ग, ब्राण्डिङ्ग)
- दिगो कारोवारको सोच ।

कार्यकारी निर्देशक

९ आवेदन छनौट गर्ने आधारहरु :

कार्यबिधिको दफा ४ को उपदफा (३) अन्तर्गत अनुसुची ५ मा ब्यबस्था भए बमोजिम साझा, सहकारी, संघ/संस्थाहरु र समूहहरु तथा **PMAMP** अन्तर्गतका **Zone/Super Zone** सँचालक समितिहरुको लागि मूल्यांकन सुचक

| सि न | मुल्याँकन सुचक | पुर्णाङ्क | कार्यबिधी बमोजिम मुल्याकँनको अँक बिभाजन | अँक बिभाजनको बिस्तृत बिबरण र ब्याख्या |
|---|---|---|---|---|
| १ | तरकारी तथा फलफुलको उत्पादनमा संलग्नता | ३५ | | |
| | (क) उत्पादनमा सँलग्न सदस्य सँख्या (नामावली सहितको बिबरण) | ५ | अधिकतम कृषक सँख्यालाई पूर्णांक दिई अन्यलाई सँख्याको आधारमा क्रमश कम अँक दिई मूल्याँकन गर्ने । | कृषि बिकाससँग सम्बन्धित वा स्थानिय निकायको सिफारिस वा लेखा परिक्षणको आधारलाई प्रमाण मानि सँख्या एकिन गर्ने । एक भन्दा बढि सिफारिस भएमा जुन बढि हुन्छ सोलाई आधार मान्ने । संख्या रनामावली उल्लेख भएकोलाई बढीमा ५ अंक दिने ।नामावली समावेश नभएको हकमा अंक प्रदान नगर्ने । |
| | (ख) सदस्यहरुको कुल उत्पादन क्षेत्रफल | १० | कुल उत्पादन क्षेत्र र उत्पादित बस्तुको परिमाणसँग सम्बन्धित बिबरण सूचक ३ अनुसारको कृषि बिकाससँग सम्बन्धित निकायको सिफारिससँगै पेश गर्नु पर्ने छ । अधिकतम क्षेत्रफललाई पूर्णाकँ दिई अन्यलाई सो का आधारमा क्रमश कम अंक दिई मूल्याकँन गर्ने । | कृषि बिकाससँग सम्बन्धित वा स्थानिय निकायको सिफारिस वा लेखा परिक्षणको आधारलाई प्रमाण मानी सँख्या एकिन गर्ने । एक भन्दा बढि सिफारिस भएमा जुन बढि हुन्छ सोलाई आधार मान्ने । अधिकतमक्षेत्रफललाई अधिकतम मानी पुर्णाङ्क अँक दिने र अन्यलाई सोही आधारमा अँक प्रदान गर्ने । |
| | (ग) उत्पादन परिमाण | १० | | कृषि बिकाससँग सम्बन्धित वा स्थानिय निकायको सिफारिस वा लेखा परिक्षणको आधारलाइ प्रमाण मानि सँख्या एकिन गर्ने । एक भन्दा बढि सिफारिस भएमा जुन बढि हुन्छ सोलाइ आधार मान्ने । अधिकतमउत्पादन परिमाणलाई अधिकतम मानि पुर्णाङ्क अँक दिने र अन्यलाई सोही आधारमा अँक प्रदान गर्ने । |
| | (घ) सदस्यहरुबाट उत्पादित कृषिउपजहरु सहकारी/समुह मार्फत सँकलन, बिकि, बितरण गरेको बिबरण | १० | | कृषि किकाससँग सम्बन्धित वा स्थानिय निकायको सिफारिस वा लेखा परिक्षणको आधारलाइ प्रमाण मान्ने । एक भन्दा बढि सिफारिस भएमा जुन बढि हुन्छ सोलाइ आधार मान्ने । बिकि बितरणको उल्लेख गरेको छैन भने अक प्रदान नगर्ने । उल्लेख भएको छ भने बढिमा १० अँक दिने । अँक दिंदा बार्षिक १०००० केजीभन्दा माथि बिक्रि बितरण भएकोलाई मात्र अँक प्रदान गर्ने ।<br>१०००१ केजी देखि २०००० केजी सम्मलाई ४ अँक दिने<br>२०००१ केजी देखि ३०००० केजी सम्मलाई ६ अँक दिने<br>३०००१ केजी देखि ४०००० केजीसम्मलाई ८ अँक दिने<br>४०००१ केजी देखि माथि जतिसुकै भएपनि १० अँक दिइनेछ । |
| २ | तरकारी तथा फलफुलको ब्यबसायमा सँलग्नता | २५ | | |
| | (क) पान नम्बर वा मूल्य अभिबृद्धि कार दर्ता | ३ | | प्रमाणपत्रको प्रतिलीपी पेश गरेकोमा मात्र अँक प्रदान गर्ने । |
| | (ख) कर चुक्ता प्रमाण रअडिट रिपोर्ट | ३ | अधिकतम परिमाणलाइ पूर्णाँक दिई अन्यलाई सो का आधारमा क्रमश कम अँक दिइ मूल्याकँन गर्ने । | आ व २०८०/८१ को कर चुक्ता प्रमाणपत्र वा प्रमाण/निस्सा भएमा १.५ अँक पाउने नभएमा कुनै अँक प्रदान नगर्ने र लेखापरिक्षण प्रतिबेदन (Audit Reports) भएमा सो को लागि बढिमा १.५ अँक प्रदान गर्ने र नभएमा अंक प्रदान नगर्ने । |
| | (ग) बार्षिक कारोबारको परिमाण | ५ | | कृषि विकाससँग सम्बन्धित वा स्थानिय निकायको सिफारिस वा लेखा परिक्षणको आधारलाइ प्रमाण मानि सँख्या एकिन गर्ने । एक भन्दा बढि सिफारिस भएमा जुन बढि हुन्छ सोलाई आधार मान्ने । अँक प्रदान गर्दा अधिकतम अँकलाइ पुर्णाङ्क मानी कारोबारको परिमाणको आधारमा क्रमश अँक प्रदान गर्ने । |



कार्यक्रम निर्देशक

| | | | | |
|---|---|---|---|---|
| | (घ) जिल्लामा कृषि उत्पादनमा सकृय रहेको सिफारिस पत्र सहित | ३ | | जिल्लामा कृषि विकाससँग सम्बन्धित निकायबाट कृषि उत्पादनमासकृय रहेको सिफारिस भएमा ३ अँक पाउने नभएमा अंक प्रदान नगर्ने । |
| | (ङ) बजार केन्द्र वा सँकलन केन्द्र सँचालन गरेको | ८ | | कृषि विकाससँग सम्बन्धित निकाय वा स्थानिय निकायको सिफारिस वा लेखा परिक्षणको आधारलाइ प्रमाण मानि अंक प्रदान गर्ने । बजार केन्द्र वा सँकलन केन्द्र सञ्चालन गरेकोलाई बढिमा ८ अँक प्रदान गर्ने र बजार केन्द्र वा सँकलन केन्द्र सञ्चालन नगरेकोलाई अंक प्रदान नगर्ने । |
| | (च) **वालाजु बजारको हकमा** नुवाकोट जिल्ला ककनी गाँउपालिका वडा नं १ र २ का सम्बन्धमा थप व्यबस्था ।<br><br>**कालीमाटी बजारको हकमा ।** कृषकहरुलाई बैंक मार्फत भुक्तानी गरेको | ३ | बैङ्किङ्ग प्रणाली मार्फत कारोबार गर्नेलाई कारोबार परिमाण (रकम) र सँख्याका आधारमा अधिकतम भुक्तानिलाई पूर्णांक दिई अन्यलाई सो का आधारमा क्रमश कम अँक लिई मूल्यांकन गर्ने | वालाजु बजारको हकमा नुवाकोट जिल्ला ककनी गाँउपालिका वडा नं १ र २ को कार्यालयबाट सिफारिश भइ आएमा ।<br><br>कृषकलाई बैंक मार्फत भुक्तानी गरेको विषय खुल्ने कागजात पेश भएको हुनुपर्ने छ । सो भएमा मात्र बढिमा ३ अंक प्रदान गर्ने । |
| ३ | **कृषि बिकाससँग सम्बन्धित निकायको सिफारिस** | ३० | आफ्नो क्षेत्रभित्रको कृषकहरुलाई उत्पादन बजारीकरण गर्ने सम्झौता गरी सिफारिस भएको हुनुपर्ने ।<br>कृषि ज्ञान केन्द्र वा PMAMP को कुनै एक सिफारिसलाइ १५ अँकभार दिने र दुबै सिफारिस भएमा २० अँकभार कायम गर्ने । | क)स्टल वितरण तथा संचालन कार्यविधि २०७६ मा नै आफ्नो क्षेत्रभित्रको कृषकहरुलाई उत्पादन बजारिकरण गर्ने सम्झौता गरी सिफारिस भएको हुनुपर्ने उल्लेख भएकोले यसमा सिफारिस र सम्झौताको कागजात समावेश भएमा मात्र पुरा अक प्रदान गर्ने ।<br>ख) मुल्यांकन गर्नको लागि उपसमितिलाई आवश्यक पर्ने विवरण खुलेको पत्रलाई मान्यता दिने । |
| | PMAMP, कृषि ज्ञान केन्द्र | २० | | कृषि ज्ञान वा PMAMP को कुनै एक सिफारिसलाई १५ अँकभार दिने र दुबै सिफारिस भएमा २० अँकभार कायम गर्ने । |
| | स्थानिय तह, गाउँपालिका र नगरपालिका | ५ | | पालिकाको सिफारिस भएमा ५ अँक प्रदान गर्ने अन्यथा अँक प्रदान नगर्ने । |
| | अन्य | ५ | | आफ्नो क्षेत्रभित्रको कृषकहरुलाई उत्पादन बजारीकरण गर्ने सम्झौताको कागजात समावेश भएमा बढीमा ५ अक प्रदान गर्ने । |
| ४ | **ब्यबसायिक कार्ययोजना (बिजनेस प्लान)** | १० | • समितिले निर्धारण गरेको ढाँचासँग मिल्दो रुपमा हुनुपर्ने ।<br>• पेश गरिएको कार्ययोजना अनुसार बार्षिक अनुगमन हुने ब्यबस्था मिलाई अनुगमनको आधारमा इजाजत नविकरण गर्ने ।<br>• १२ महिना निरन्तर कारोबारको सुनिश्चितताको आधार पेश भएको हुनु पर्ने । | आबेदकले पेश गरेको कागजात अनुसार हाल गरिआएको वा भावी योजनाको बारेमा उप समितिको सदस्यहरुले बिश्लेषण गरी देहाय बमोजिम अँक प्रदान गर्ने । निरन्तर कारोबारको बिषयमा सम्बन्धीत निकायबाट सिफारिस भई आएमा सोलाई समेत मुल्यांकनको आधार मान्ने । |
| | कारोबारमा उपलब्ध सेवा सुबिधा, प्रबिधि र साधनको उपयोग | २ | | (क) ब्यबसाय प्रबर्धनमा उपलब्ध सेवा सुबिधा, प्रबिधि र साधनको उपयोगको सबै बिषयमा उल्लेख भएको योजना पेश गर्नेलाई बढिमा २ अँक प्रदान गर्ने ।<br>(ख) ब्यबसाय प्रबर्धनको कारोबारमा उपलब्ध सेवा सुबिधा, प्रबिधि र साधनको उपयोग मध्ये कुनै २ बिषयमा उल्लेख भएको योजना पेश गर्नेलाई बढिमा १.५ अँक प्रदान गर्ने ।<br>(ग) ब्यबसाय प्रबर्धनको कारोबारमा उपलब्ध सेवा सुबिधा, प्रबिधि र साधनको उपयोग मध्ये कुनै १ मात्र बिषयमा योजना पेश गर्नेलाई बढिमा १ अँक प्रदान गर्ने । साथै योजना पेस नगर्नेलाई अँक प्रदान नगर्ने । |
| | बजार योजना / बिक्रि योजना र ब्यबसाय प्रबर्धन योजना ( ग्रेडिङ्ग, प्याकेजीङ्ग,ब्राण्डिङ्ग) | ६ | | बजार योजना/ बिक्रि सम्बन्धि योजना पेस गर्नेलाई बढिमा ३ अँक प्रदान गर्ने । ब्यबसाय प्रबर्धन सम्बन्धि योजना पेश गर्नेलाई देहाय बमोजिम अँक प्रदान गर्ने ।<br>(क) ग्रेडिङ्ग सम्बन्धि योजना पेश गर्नेलाई बढिमा १ अँक प्रदान गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | | | (ख, प्याकेजीङ्ग,सम्बन्धि योजना पेश गर्नेलाई बढिमा १ अँक प्रदान गर्ने ।<br>(ग) ब्राण्डीङ्ग सम्बन्धि योजना पेश गर्नेलाई बढिमा १ अँक प्रदान गर्ने ।<br>(घ) बजार योजना/ बिकि योजना र ब्यबसाय प्रवर्धनसम्बन्धि योजना पेश नगर्नेलाईअँक प्रदान नगर्ने । |
| | बित्तिय योजना (लगानी, आम्दानी, खर्च) | २ | | बित्तिय योजना (लगानी, आम्दानी, खर्च) सम्बन्धि बिषय समाबेश भएको योजनालाइ निम्नानुसार अंक प्रदान गर्ने ।<br>(क) बित्तिय योजना मध्ये लगानीको बिषय समाबेश भएको योजनालाई बढिमा १ अँक प्रदान गर्ने ।<br>(ख) बित्तिय योजना मध्ये आम्दानी र खर्चको बिषय समाबेश भएको योजनालाई बढिमा १ अँक प्रदान गर्ने ।<br>(ग) बित्तिय योजना (लगानी, आम्दानी, खर्च) कोबिषय समाबेश नभएको योजनालाई अँक प्रदान नगर्ने । |

१० **सुचि प्रकाशन गर्नेः-** आवेदनहरुको मूल्याङ्कन पश्चात अंकको आधारमा सबैभन्दा बढि अंक प्राप्तकर्ताको सूचि प्राथमिकताको क्रम अनुसार पहिलो मा राखि क्रमश अन्यको सूचि प्रकाशन गरिनेछ ।

११ **पसल (स्टल) उपलब्ध गराउनेः-** मुल्यॉंङ्कनको सूचि प्रकाशन पश्चात सबै भन्दा बढि अंक प्राप्तकर्ता आवेदकलाई क्रमश पसल (स्टल) उपलब्ध गराईनेछ । समान अंक प्राप्त गरेमा गोला गरिनेछ ।

१२ **प्रतिक्षा सूचि प्रकाशन गर्नेः-** मूल्याङ्कनमा सूचिमा समाबेश भएका तर पसल (स्टल) उपलब्ध नभएका आवेदक क्रमश प्रतिक्षा संचिमा रहने छन् । प्रतिक्षा सूचि एक बर्ष सम्म कायम रहनेछ ।

१३ **सम्झौता गर्नु पर्नेः-** छनौट भएका आवेदकहरु समितिले तोकेको म्याद भित्र पसल (स्टल) सञ्चालन गर्ने सम्बन्धी सम्झौता गर्न समितिको कार्यालयमा उपस्थित भइ सम्झौता गर्नु पर्नेछ । तोकिएको समय भित्र सम्झौता गर्न नआएमा क्रमश प्रतिक्षा सूचिमा रहेका आवेदकसंग सम्झौता गरिनेछ ।

१४ **बालाजु बजारमा रहेको खुद्रा तर्फको साझा सहकारी संघ संस्थाहरु र समूहहरु तथा PMAMP का जोन सुपरजोनका सञ्चालक समितिहरुका लागि पसल(स्टल)हरुको भाडा रकम सहितको बिबरणः-** निम्न स्टल/पसलका लागि छुट्टा छुट्टै आवेदन गर्न पाइनेछैन आवेदन एकमुष्ठ रुपमा रहनेछ र मुल्याङ्कन सुचक बमोजिम स्टल संख्या बराबर ब्यबसायी छनौट हुने र छनौट भएका ब्यबसायी मध्येबाट स्टलको लागि पुन गोला प्रथा गरी स्टल छनौट गरिनेछ ।

| क्र सं. | पसल नं. | क्षेत्रफल | भाडादर | मासिक भाडा रकम | कैफियत |
|---|---|---|---|---|---|
| सहकारी बिशेष | | | | | |
| माथि | | | | | |
| १ | ९ | 64 | १२४.१ | 7942.4 | |
| | तल | | | | |
| २ | १ | ६४ | 123.28 | 7889.92 | |
| ३ | २ | ६४ | 123.28 | 7889.92 | |
| जम्मा | ३ वटा | | | | |

कार्यकारी निर्देशक

# कबुलियतनामा

लिखितम् का छोरा/छोरी जिल्ला वडा नं घर भै कालीमाटी फलफूल तथा तरकारी बजार बिकास समिति कालीमाटी अन्तरगत बालाजु बजारमा आवेदन माग भए बमोजिम समितिले छनौट गरी उपलब्ध गराएको कुनै एक पसलमा ............... ब्यबसाय सञ्चालन गर्न .................................................... संस्था आगे हामीले यस बजार बिकास समिति अन्तरगत बालाजु बजारमा यस बजार बिकास समिति संग सम्झौता गरी ब्यबसाय सञ्चालन गर्न इच्छुक रहेको हुँदा आफुले आगामी दिनहरुमा यस बिकास समितिको नियमावली, निर्देशिका/कार्यबिधि, समितका निर्णयहरु, सम्झौताका शर्तहरु र सम्बन्धित प्रचलित कानूनको पूर्ण पालना गर्नेछौं भनि तपशिलका साक्षिहरुको रोहबरमा यो कबुलियतनामाको कागन लेखि सहि छाप गरी आवेदन साथ यस बजार बिकास समिति समक्ष पेश गरेको छु । हामीले तहाँ स्टल पसल प्रास गर्न कुनै गलत जानकारी दिएको वा प्रचलित कानुन बमोजिम अयोग्य नरहेको र नेपाल सरकार तथा तहाँ समितिलाइ तिर्नु बुझाउन बाँकी नरहेको र हामीले पेश गरेका कागजातहरु झुठा ठहरे कानुन बमोजिम सहन्छौं बुझाउँछौं ।

इति सम्बत् २०८२ साल .........महिना....... गते रोज......... शुभन् ।

.............................................

दस्तखत

संस्थाको नाम...........................

प्रतिनिधिको नाम.........................

संस्थाको छाप



कार्य... निर्देशक

कालीमाटी फलफुल तथा तरकारी बजार बिकास समिति, कालीमाटी, काठमाडौं समक्ष पेश गरेको

# प्रतिबद्धतापत्र

हामीलाइ पसल स्टल सञ्चालनको लागि उपलब्ध भएमा हामीले समितिलाई बुझाउनु पर्ने भाडा, शुल्क वा अन्य भुक्तानी आफ्नो सहकारी, संघ/संस्थाहरु र समूह, NAMP अन्तर्गतका जोन/सुपरजोनको संचालन समन्वय समितिको नाममा रहेको खाता तथा चेकबाट भुक्तानी गर्ने प्रतिवद्धता गर्दै यो प्रतिबद्धता पत्र समिति समक्ष पेश गर्दछौं ।

...............................................

दस्तखत

संस्थाको नाम............................

प्रतिनिधिको नाम.........................

| संस्थाको छाप |
| --- |
| |




**FIRST FLOOR PLAN OF RETAIL SHOP BUILDING**
**office area varified**




**FRUIT AND VEGETABLE SHED**

# कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति

## कालीमाटी, काठमाडौँको

## कृषि उपज बजार, बालाजुमा कृषि वस्तुको कारोबार गर्ने स्टल भाडामा लगाउने सम्बन्धी सूचना

**(गोरखापत्र दैनिकमा मिति : २०८२।०६।२६ गते प्रकाशित सूचना नं. १७।०८२।८३)**

यस समितिको बजार विकास तथा सञ्चालन नियमावली, २०६० तथा स्टल वितरण तथा सञ्चालन कार्यविधि, २०७६ र मूल्याङ्कनको सन्दर्भमा समितिको विभिन्न मितिको निर्णय बमोजिम मूल्याङ्कन मार्फत वितरण हुने कृषि उपज बजार, बालाजुमा रहेका कृषि वस्तुको कारोबार गर्ने रिक्त खुद्रा कारोबारका लागि व्यक्ति, फर्म वा कम्पनी/सहकारी संघसंस्था, कृषक समूह तथा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम (NAMP) अन्तर्गतका जोन/सुपरजोन सञ्चालन समन्वय समितिहरूका लागि छुट्याइएको पसल (स्टल)हरूमा रही २०८५ आषाढ मसान्तसम्मको अवधिका लागि तोकिएको कृषि वस्तुकोकारोबार गर्न इच्छुक योग्य आवेदकहरूलाई सूचना प्रकाशित भएको मितिले ३०औँ दिनसम्म आवेदन फाराम खरिद गरी ३१औँ दिनसम्म कार्यालय समयभित्र तपसिलमा उल्लिखित सर्तको अधीनमा रहने गरी सिलबन्दी गरी कालीमाटीस्थित कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। आवेदन बुझाउने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिन समेत दर्ता गर्न सकिनेछ।

**आवेदन र स्टल वितरण सम्बन्धी सर्तहरू :**

१. आवेदन फाराम कृषि विकास बैंकमा रहेको चल्ती खाता नं. ०२१०३००१६६१९००१७ मा रु. ३००/- (फिर्ता नहुने गरी) आवेदन शुल्क बुझाएको बैंक भौचरको सक्कल प्रति पेश गरी समितिको कालीमाटीस्थित कार्यालयबाट प्राप्त गर्न सकिनेछ वा समितिको वेबसाइट **www.kalimatimarket.gov.np** बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ। डाउनलोड गरिएको फाराम साथ उल्लिखित फाराम दस्तुर बापतको बैंक भौचरसमेत समावेश गर्नुपर्नेछ।

२. फाराम साथ संलग्न हुनुपर्ने कागजातहरु : व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि (१८ वर्ष पूरा भएर ६० वर्ष ननाघेको नेपाली नागरिक), फर्म र कम्पनीको हकमा कानुन बमोजिम कृषि वस्तुको कारोबार गर्ने फर्म दर्ता/व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता र आ.व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, कृषि विकास बैंक, कालीमाटीमा रहेको समितिको खाता नं. ०२१०३००१६६१२४०१४ मा न्यूनतम रु. २,०००/- धरौटी राखिएको निस्सा, सहकारी संघसंस्था, कृषक समूह तथा NAMP अन्तर्गत जोन/सुपरजोनका सञ्चालन समन्वय समितिहरूको हकमा सम्बन्धित सहकारी संघसंस्था तथा कृषक समूहको स्थान माग गर्ने निर्णयको प्रतिलिपि सहितको निवेदन, आ.व. २०८०/८१ को लेखा परीक्षण प्रतिवेदन र आ-आफ्नो भौगोलिक क्षेत्रमा सक्रिय रही नियमित सेवा प्रवाह गरिरहेको मनी सम्बन्धित स्थानीय तहको सिफारिस पत्र तथा आवेदन फाराममा उल्लेख गरिएको मूल्याङ्कन प्रयोजनका लागि आवश्यक कागजातहरू।

३. म्याद नाघेर आएका, सशर्त, रीत नपुगेका र आवेदन फाराममा उल्लेख भएको सर्त/योग्यता नपुगेको, फाराम साथ संलग्न गर्नुपर्ने अनिवार्य कागजातहरू पेश नभएको र समितिबाट जारी नभएका आवेदन माथी कारबाही हुने छैन।

४. यस समितिसँग सम्झौता गरी मातहतको कालीमाटी वा बालाजु बजारमा कारोबार गरिरहेको व्यक्ति वा संस्थाले स्टल मागको आवेदन गर्न पाइने छैन। यस्ता आवेदन पाइएमा रद्द गरिनेछ।

५. कुनै कारण जनाई वा नजनाई आवेदन/निवेदन स्वीकृत गरी सम्झौता गर्ने वा नगर्ने तथा कुनै आवेदन/निवेदनलाई इजाजत दिने वा नदिने कुराको निर्णय गर्ने सम्पूर्ण अधिकार समितिसँग सुरक्षित रहनेछ।

६. समितिको बजार विकास तथा सञ्चालन नियमावली, २०६० तथा स्टल वितरण तथा सञ्चालन कार्यविधि, २०७६ र समितिका निर्णय बमोजिम मूल्याङ्कन मार्फत आवेदकहरूको छनोट गरिनेछ।

७. थप जानकारी आवश्यक परेमा यस समितिको कार्यालय, कालीमाटीमा सम्पर्क राख्न सकिनेछ।

| क्र.सं. | वर्गीकरण | रिक्त स्टल संख्या |
|---|---|---|
| क | सहकारी, संघसंस्था र समूह तथा NAMP अन्तर्गतका जोन/सुपरजोन सञ्चालन समन्वय समितिहरुले कारोवार गर्ने स्टल | ३ |
| ख | व्यक्ति/फर्म/कम्पनी तर्फका स्टल | २४ |